Shaheed Smriti Peer Reviewed Journal Year: 11 No.: 8, 2022

**DOI:** https://doi.org/10.3126/shaheedsmriti.v11i8.76665

# 'राइटरबाजे' कथाको प्रजातिपरक अध्ययन

**कृष्णप्रसाद सुवेदी**

*krishna_subedi@gmail.com*

**प्राध्यापक, भाषा साहित्य विभाग, शहीद स्मृति बहुमुखी क्याम्पस, रत्ननगर, चितवन**

**लेखसार**

*प्रस्तुत आलेखमा कथाकार विश्वेरप्रसाद कोइरालाको 'राइटरबाजे' कथाको प्रजातिपरक अध्ययन गरिएको छ । साहित्यका समाजशास्त्री टेनका प्रजाति, क्षण र परिवेश मान्यतामध्ये प्रस्तुत आलेखमा 'राइटरबाजे' कथामा प्रजातिपरक मान्यता अन्तर्गत प्रजातिगत पहिचान, प्रजातिगत सम्बन्ध र प्रजातिगत प्रभावका अवस्थाहरूको खोजी गरी विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यसमा कथाको विश्लेषण गर्दा टेनका प्रजातिगत मान्यतालाई मुख्य आधार बनाइएको छ । 'राइटरबाजे' कथामा प्रजातिपरक अवस्थाहरूको खोजि गर्ने क्रममा प्रजातिगत पहिचान, प्रजातिगत सम्बन्ध र प्रजातिगत प्रभाव उपशीर्षक दिएर विश्लेषण गरिएको छ । यस विश्लेषणमा 'राइटरबाजे' कथाका मुख्य चरित्र राइटरबाजे र भोटिनीमा आर्य र मङ्गोल प्रजातिगत पहिचानको पुष्टि भएको देखाइएको छ भने अन्तर्जातीय सम्बन्ध र प्रभावबाट विकसित मानसिक तथा शारीरिक समर्पणबाट प्राप्त हुने सन्तुष्टिमा प्रेमको उच्च आर्दश स्वरूप प्राप्त हुने निष्कर्ष निकालिएको छ । कोइरालाका कथामा प्रजातिपरक अध्ययन त्यति नभएको परिस्थितिमा टेनको प्रजातिगत मान्यताका आडमा यो आलेखन गरिएकाले साहित्यको समाजशास्त्रीय मान्यताका कसीमा कोइरालाका कथाको अध्ययन र विश्लेषण गर्न चाहने जो कसैलाई यो आलेख उपयोगी बन्न सक्ने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दावली:** *साहित्यको समाजशास्त्र, प्रजाति, मूल आदर्शका चिन्ह, प्रजातिगत पहिचान, प्रजातिगत सम्बन्ध ।*

## अध्ययनको परिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) नेपाली साहित्यका प्रसिद्ध आख्यानकार हुन् । कोइरालाले विशेष गरी उपन्यास, कथा र आत्मवृतान्त लेखनका क्षेत्रमा कलम चलाएका छन् । उनका तीन घुम्ती (वि.सं. २०२५) नरेन्द्र दाइ (वि.सं. २०२७) सुम्निमा (वि.सं. २०२७) मोदिआइन (वि.सं. २०३६) हिटलर र यहुदी (वि.सं. २०४०) र बाबु आमा र छोरा ( वि.सं. २०४६) छ वटा उपन्यास प्रकाशित भएका छन् । त्यस्तै उनको एउटा दैनिकी जेलजर्नल (वि.सं. २०४४) का रूपमा प्रकाशित छ भने मेरो जीवन कथा (वि.सं. २०११), आफ्नो कथा (वि.सं. २०४०) र आत्मवृत्तान्त (वि.सं. २०५५) पनि प्रकाशित छन् । कथाकार कोइरालाको कथायात्रा भने हिन्दी भाषाको कथालेखनबाट प्रारम्भ भएको मानिन्छ ।

हरिप्रसाद शर्मा (२०६७:३२) का अनुसार कोइरालाले १९८७ देखि कथा-लेखन प्रारम्भ गरेका हुन् र त्यो कथा लेखन हिन्दी भाषाको 'वह' (१९८७) कथाबाट नै प्रारम्भ भएको थियो । उनको नेपाली भाषाको पहिलो कथा 'चन्द्रवदन' हो जुन शारदा (वि.सं. १९९२) पत्रिकामा प्रकाशित भएको थियो । यस्तै सूर्यविक्रम ज्ञवालीको सम्पादनमा दार्जिलिङबाट प्रकाशित कथाकुसुम (वि.सं. १९९५) मा 'शत्रु', 'विहा' र 'सिपाही' कथा प्रकाशित भएका छन् । पुस्तकका रूपमा उनका दोषी चश्मा (वि.सं. २००६) र श्वेतभैरवी (वि.सं. २०३९) कथा संग्रहहरू नेपाली कथा इतिहासमै महŒवपूर्ण कृति हुन् । दोषी चश्मामा उनका सोह्रवटा कथा सङ्कलित छन् भने श्वेतभैरवीमा जम्मा चारवटा कथाहरू सङ्कलित छन् । अन्य 'चन्द्रवदन' (शारदा १९९६) 'द्वन्द्वप्रेम' (शारदा १९९७) र 'महाराजको सवारी' (युगवाणी २००५) कथाहरू फुटकर पत्रपत्रिकामा प्रकाशित भए पनि पछि सबै कथाहरू हरिप्रसाद शर्माद्वारा सम्पादित विश्वेश्वरप्रसाद कोइरालाका कथा (२०६७) मा स°लित छन् । यसरी कोइरालाका जम्मा छब्बीसवटा नेपाली कथाहरू प्रकाशित भएका छन् । कोइरालाका कथाहरूको अनेक कोणबाट पठन र अध्ययन गर्न सकिन्छ । उनका कथाहरू समाजशास्त्रीय दृष्टिकोणबाट पनि विश्लेषणीय छन् ।

साहित्यबिनाको समाज हुनसक्छ तर समाजबिनाको साहित्य हुन सक्दैन । साहित्यमा समाजका जातीय रूप, भाषिक अवस्था, धार्मिक प्रचलन, साँस्कृतिक परम्परा, प्राकृतिक तथा सामाजिक पर्यावरण, राजनैतिक अवस्था र आर्थिक अवस्थाका ढाँचा आदि आवस्था र रूपहरूको प्रस्तुति हुने भएकाले साहित्य र समाजको अन्तर्सम्बन्ध छ । समाजबाट साहित्यको जन्म हुने र साहित्यमा समाजको प्रतिबिम्ब झल्कने भएकाले साहित्य र समाज अन्तनिर्भर पनि छन् । साहित्यमा समाजशास्त्रसँग सम्बन्धित विषयलाई जोडेर गरिने वैज्ञानिक अध्ययन पद्धति नै साहित्यको समाजशास्त्र हो । 'पछिल्लो सय वर्षमा संस्कृतिको भौतिकवादी व्याख्याका आधारमा कलाहरूको जुन समाजशास्त्र विकसित भएको छ, त्यसको एक रूप साहित्यको समाजशास्त्र हो (पाण्डेय, सन् १९८९ :५) । साहित्यको समाजशास्त्रले साहित्यमा साहित्यिक प्रक्रियाको अध्ययन गर्दछ ।

साहित्यको समाजशास्त्रीय चिन्तनलाई आधुनिक समाजमा साहित्यको सत्ता र सार्थकताको परिचयसँगै प्रादुर्भाव भएको बौद्धिक प्रयत्नका रूपमा लिइन्छ । 'साहित्यको समाजशास्त्र अब समाजशास्त्रभन्दा फरक एक साहित्य विधाका रूपमा विकसित हुँदै छ (पाण्डेय, सन् १९८९: ३२). साहित्यलाई साक्ष्य नमानिकन गरेको सामाजिक जीवनको अध्ययन अब पूर्ण हुन सक्दैन । साहित्यको समाजशास्त्रमा समाजसँग साहित्यकारको सम्बन्ध, उसको सामाजिक स्थिति र उसले प्रस्तुत गरेको सामाजिक संसारको अध्ययन हुन्छ । साहित्यको समाजशास्त्रले व्यापक सामाजिक प्रक्रिया अन्तर्गत क्रियाशील सम्पूर्ण साहित्य प्रक्रियाको विभिन्न गति र परिणतिहरूको व्याख्या गर्दै साहित्यको वास्तविक सामाजिक स्वरूपको परिचय गराउँछ र त्यसमा साधारण पाठकको पनि अभिरुचि जगाउन सहयोग पुऱ्याउँछ । साहित्यको समाजशास्त्रीय चिन्तनको प्रारम्भ समाजसँग साहित्यको खोजीसँगै भएको मानिएको छ । यसै सन्दर्भमा प्रस्तुत अध्ययनमा साहित्यको समाजशास्त्रको विकासमा महŒवपूर्ण भूमिका

खेल्ने टेनको प्रजातिपरक मान्यताका आधारमा विश्वेश्वरप्रसाद कोइरालाको 'राइटरबाजे' कथाको अध्ययन गरिएको छ ।

## अध्ययनको समस्या र उद्देश्य

साहित्यको समाजशास्त्र एक स्थापित मान्यता हो । यस मान्यताभित्र टेनको प्रजातिगत अध्ययन पनि अध्ययनको एउटा मुख्य आधार हो । टेनका प्रजातिगत मान्यताका आधारमा विश्वेश्वरप्राद कोइरालाको 'राइटरबाजे' कथाको पनि अध्ययन गर्न सकिन्छ भन्ने विषयलाई मुख्य समस्या बनाएर प्रस्तुत अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य साहित्यको समाजशास्त्रको विकासमा महŒवपूर्ण भूमिका खेल्ने हिप्पो लाइट अडोल्ड टेनका प्रजाति, क्षण र परिवेश मान्यतामध्ये प्रजातिगत मान्यताका आधारमा विश्वेश्वरप्रसाद कोइरालाको 'राइटरबाजे' कथाको अध्ययन गर्नु रहेको छ । यस मूल उद्देश्यसँग सम्बद्ध भएर आउने अन्य उद्देश्यहरू निम्नलिखित छन् :

(क) कथाकार कोइरालाको राइटरबाजे कथाको प्रजातिगत पहिचानका अवस्थाहरूलाई देखाउनु,

(ख) कथाकार कोइरालाको राइटरबाजे कथाको प्रजातिगत सम्बन्धलाई देखाउनु,

(ग) कथाकार कोइरालाको राइटरबाजे कथाको प्रजातिगत प्रभावका अवस्थाहरूलाई देखाउनु ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिभित्रको प्रजातिगत मान्यतामा केन्द्रित रहेको छ । प्रजातिगत अध्ययनका सैद्धान्तिक मान्यताका आडमा रहेर विश्लेषण गरिएकाले यस अध्ययनमा आगमनात्मक विधिको प्रयोग गरिएको छ । नेपाली समालोचनाका क्षेत्रमा प्रजातिपरक अध्ययन त्यति पुरानो मान्यता नभएकाले कतै कतै निगमनात्मक विधि पनि आएको छ । कथाको विवेचनाका क्रममा वर्णनात्मक तथा व्याख्यात्मक विधिको पनि प्रयोग भएको छ भने प्रजातिपरक सैद्धान्तिक मान्यताका आडमा प्रजातिगत पहिचान, प्रजातिगत सम्बन्ध र प्रजातिगत प्रभावका आधारमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'राइटरबाजे' कथाको प्रजातिपरक अध्ययन गरिएको छ ।

## *टेन र प्रजातिपरक मान्यता*

फ्रान्सेली विचारक हिप्पोलाइट अडोलफ टेन (सन् १८२८-१८९३) साहित्यको समाजशास्त्रका प्रवर्तक नै मानिन्छन् । टेनका साहित्य र कलासम्बन्धी मान्यताको प्रभाव पछिल्ला साहित्य चिन्तकहरूमा परेको छ । उनका अंग्रेजी साहित्यको इतिहास, कलाको दर्शन र इटालीको यात्रा जस्ता पुस्तकका कलासम्बन्धी लेखमा साहित्यको समाजशास्त्रीय धारणा व्यक्त भएका छन् । टेनले अंग्रेजी साहित्यमा मात्र होइन फ्रान्सेली साहित्यमा पनि लेखेका छन् । उनले

आफ्ना समकालीन रेसिन र बाल्जाक आदिका निबन्धको पनि आलोचना गरे । हिन्दी समालोचक मैनेजर पाण्डेय (सन् १९९१ : १२१) का अनुसार इतिहासकार टेनका हरेक आलोचनामा साहित्यको समाजशास्त्रीय दृष्टिकोण आएको छ । साहित्यका समाजशास्त्री टेन साहित्यलाई सामाजिक चेतनाको उत्पादन मान्दछन् । उनको समाजशास्त्रीय पद्धति साहित्यिक कृतिबाट चेतना (लेखक) तर्फ र चेतनाबाट चेतनानिर्माणको परिस्थितितर्फ बढेको छ । उनले चेतनानिर्माणको परिस्थिति विवेचन गर्ने क्रममा प्रजाति, क्षण तथा परिवेशको अन्तक्रियाबाट चेतनाको निर्माण हुने बताएका छन् र साहित्यको समाजशास्त्रीय मान्यताका रूपमा प्रजाति, क्षण तथा परिवेश सिद्धान्त अगाडि सारेका छन् ।

साहित्यको समाजशास्त्रमा प्रजातिपरक अवधारणा टेनको देन हो । टेन वस्तुवादी दृष्टिकोण राख्ने समाजशास्त्री हुन् । उनले 'कला जुन मानसिकताबाट उत्पन्न हुन्छ, त्यो मानसिकता कसरी तयार हुन्छ ? भन्ने प्रश्नको उत्तरमा प्रजाति, युग तथा परिवेश सिद्धान्त अगाडि ल्याएका छन् (पाण्डेय, सन् १९८९ : १२४) । टेनका मतमा साहित्यको समाजशास्त्रीय अध्ययनकर्ताले साहित्यमा व्यक्त भएको प्रजातिका विषयमा अध्ययन गर्नुपर्छ किनभने साहित्यकारले आफ्नो सिर्जनाको सामग्री आफ्नो समाजको प्रजातिबाट लिएको हुन्छ । 'टेनले प्रजातिलाई वंशानुगत गुण, शारीरिक वनावट तथा जातजातिका प्रतिभा, स्वभाव, विशेषता एवम् पारम्परिक मानसिकताका रूपमा परिभाषित गरेका छन् । (सिङ्उड, सन् १९७२, उद्धृत, क्षेत्री, २०६४:२१) । टेनका अनुसार 'साहित्यको अध्ययनबाट त्यसको रचनाकालका मानिसहरूमा पाइने भावनाहरूको रूप, विचारको गति र जीवनका अवस्थाहरूको बोध हुन्छ । (पाण्डेय, सन् १९८९ : ११८) । समाज विभिन्न प्रजातिहरूको समूह हो । साहित्य सामाजिक उत्पादन भएकाले त्यसमा विभिन्न प्रजातिहरूको प्रभाव रहन्छ । उनीहरूको आचार विचार र व्यवहारबाट नै साहित्यको जन्म हुन्छ । त्यसैले साहित्यमा प्रजातिपरक अध्ययनको महŒव रहेको छ ।

टेनले प्रजाति अन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट र शारीरिक संरचना आदिको चर्चा गरेका छन् । एकै प्रजाति पनि देशकालका कारण टाढा टाढा पुगेपछि त्यहाँको हावा पानी माटो अनुसार केही बदलिदै जान्छ भने उनीहरूमा वंशानुगत समानता पनि विद्यमान रहन्छ । निर्मला जैन (सन् १९९२ः २२) ले टेनको प्रजाति मान्यताको व्याख्या गर्दै मानवजातिहरू देशकालका परिस्थितिले भिन्न-भिन्न परिस्थितिमा रहे पनि मूल आदर्शका चिन्हहरू विद्यमान रहने कुरा व्यक्त गरेकी छन् । कुनै प्रजातिका चरित्रगत विशेषताहरू जलवायु, माटो तथा इतिहासका महान् घटनाहरूका उपज हुन्छन् । टेनले फ्रान्समा मोन्तन, इग्लैण्डमा शेक्सपियर र जर्मनीमा गेटेले प्रतिभापूर्ण साहित्य सिर्जना गर्नुलाई पनि प्रजातिपरक विशेषता मानेका छन् । उनीहरूसँग रहेको विशिष्ट सौन्दर्यानुभूति र सिर्जना गर्न सक्ने क्षमता प्रजातिपरक विशेषता हो । 'टेनका मतमा प्रतिभा एउटा शक्ति हो । प्रतिभा शक्तिको विकास देशकाल र वातावरण अनुसार हुन्छ र त्यसलाई आर्जित शिक्षा र ऐतिहासिक घटनाले थप शक्ति प्रदान गर्दछ (पाण्डेय, सन् १९८९ :१२५) । यसबाट टेनले व्यक्तिप्रतिभा र वातावरणलाई महत्व दिएको स्पष्ट हुन्छ ।

टेनको प्रजाति पहिचानको आधार प्रजातिको शारीरिक संरचना पनि हो । कुनै प्रजाति अग्ला कुनै होचा हुन्छन् भने कतै गोरा कतै काला हुन्छन् । मंगोलियन र आर्यहरू एकै जाति भए पनि उनीहरूको शारीरिक संरचनामा केही प्रजातिपरक भिन्न विशेषताहरू पाइन्छन् । 'टेनले यस किसिमको प्रजातिपरक धारणाको व्याख्याका लागि आफ्ना समकालीन विकासवादी डार्विनको चिन्तनबाट पनि मद्दत लिएका छन् (पाण्डेय, सन् १९८९ :१२५) । डार्विनले देशकाल अनुसारको माटो पानीका कारणले प्रकृतिका परिस्थितिहरूसँग सामना गर्नसक्ने क्षमता कुनै प्रजातिमा बढ्दै जान्छ र उनीहरूमा कुनै विशेषता थप घट हुँदै जान्छ भनेका छन् । उनका अनुसार त्यसबाट उत्पन्न हुने अलग-अलग विशेषताका कारणले अलग-अलग प्रजातिहरू बन्दै जान्छन् र उनीहरूको शारीरिक संरचना बदलिदै जान्छ । यसरी टेनले साहित्य सामाजिक उत्पादन र सामाजिकता विभिन्न प्रजातिहरूको पहिचान समूह भएकाले साहित्यबाट प्रजातिपरक पहिचानहरू हुन सक्ने भन्दै साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति प्रजातिलाई मुख्य विषयका रूपमा लिएका छन् ।

## *राइटरबाजे कथाको प्रजातिपरक अध्ययन*

विश्वेश्वरप्रसाद कोइरालाको 'राइटरबाजे कथा श्वेतभैरवी कथासंग्रह (वि.सं. २०३९) मा सङ्कलित छ । प्रस्तुत कथा प्रजातिपरक पहिचान भएको कथा हो । यस कथालाई टेनको प्रजातिपरक मान्यताका आधारमा अध्ययन गर्न सकिन्छ । यस क्रममा प्रस्तुत कथालाई प्रजातिपरक अध्ययनअन्तर्गत प्रजातिगत पहिचान, प्रजातिगत प्रभाव र प्रजातिगत सम्बन्धका दृष्टिले अध्ययन गरिएको छ ।

## *प्रजातिगत पहिचान*

कथाका मुख्य पात्र राइटरबाजे र भोटेनी दुबै प्रजातिगत पहिचान हुने गरी नामकरण गरिएका पात्र हुन् । राइटरबाजे आर्य ब्राह्मण जातिका हुन् भने भोटिनी मङ्गोल भोटे जातिकी हुन् भन्ने कुरा कथाकारले यसरी पहिचान गराएका छन् :

निमुका ब्राह्मणले मेरो खाने-पिउने, लुगाफाटा र अरु साना-साना सुविधाका कुरामा ध्यान दिएको देख्दा म सहजै उनीसँग हेलमेल गर्न थालें । (पृ. १९)

..... एउटी भोटिनी बालिकालाई तीन नम्बर पहाडबाट जागीर खान सहरमा आएका राइटरबाजेले एक दिन अड्डाबाट फर्किदा दया गरेर आश्रय दिँदै आफ्नो घरमा नल्याएको भए सायद त्यसले प्रेम नै पाउने थी, न कुष्ठरोग नै । (पृ. १८)

ˇभोटिनी 'म' को अभिव्यक्तिमा प्रस्तुत भएको 'राइटरबाजे कथाका यी साक्ष्यहरूले राइटरबाजे र भोटिनीको प्रजातिगत पहिचानलाई प्रस्ट पारेका छन् । टेनले मानव प्रजातिहरू देशकालका परिस्थितिले भिन्न भिन्न परिस्थितिमा रहे पनि मूल आदर्शका चिन्हहरू विद्यमान हुने कुरा औंल्याएका छन् । यस कथामा पनि आर्य ब्राह्मण प्रजातिका व्यक्तिहरू पुरेत, पण्डित र अड्डा अदालको जागीर तथा लेखनदास आदि भूमिकामा हुनु, धर्म कर्ममा चाख लिनु, र ईश्वरीय सत्तामा विश्वास गर्नु उनीहहरूको मूल आदर्शको पहिचान हो । त्यसै गरी

कथाकी नायिका भोटेनीमा पनि वंशानुगत लक्षणहरू पाइन्छन् । उसले आफू र राइटरबाजेको अन्तर्जातीय सम्बन्धलाई 'यो के हुन लागिरहेछ ? के यो हुने कुरा हो ? के यसमा अस्वाभिकता छैन ? अप्रासङ्गिकता ? फेरि ब्राह्मण पुरुष र भोटिनी नारीको वैवाहिक सम्बन्ध सामाजिक दृष्टिमा बेमेल कुरा होइन र ? (पृ. २०) भनेर अस्वभाविक ठानेको देखिन्छ । भोटिनीले ब्राह्मण राइटरबाजे र आफू भोटिनीबीचको मेलमिलाप, आकर्षण र अन्तरङ्ग आत्मिक प्रेम अनि वैवाहिक सम्बन्धलाई समेत अस्वभाविक तबरले हेर्नु उसको वंशानुगत गुण हो । जातीय भेदभावका दृष्टिले हेर्ने त्यतिखेरको हाम्रो समाजमा यस किसिमको सम्बन्धलाई उसले बेमेल ठानेकी छ । त्यसै भएर होला 'म पात्र भोटिनीले 'मेरो त्यसै दिन स्वयंवर भएको भन्ने गम्भीर अनुभव हुँदाहुँदे पनि पत्नीको आसनमा उक्लिन खोज्दा मलाई द्विविधा भइरह्यो . (पृ. २०) भनेर द्विविधा स्थितिको आत्मकथन गरेकी छ । हाम्रो समाजमा आत्मीय सम्बन्ध जति गाढा भए पनि वैवाहिक सम्बन्धले मात्र समाजिक मान्यता पाउने भएकाले त्यो आसनमा बस्न उसको मन द्विविधामा परेको देखिन्छ । मानसिक सम्बन्ध बलियो हुँदाहुँदै पनि ब्राह्मण र भोटिनीबीचको वैवाहिक सम्बन्ध कमजोर ठान्नु पर्ने अवस्था उसको अन्तरङ्गमा विद्यमान वंशानुगत सोच हो, जुन भोटिनीको प्रजातीय पहिचानको आधार बनेको छ । प्रस्तुत कथामा भोटिनीका जेठी, माहिली र साहिँलो दिदीहरूको सोच, उनीहरूको जीवनप्रतिको दृष्टिकोण र उनीहरूले देखाएको स्वजातीय संस्कारप्रतिको सचेतनाले मंगोल भोटेजातिमा पाइने अवस्थाहरूको बोध हुन्छ । सबै पुरुषलाई एकै नजरले हेर्ने उसका दिदीहरू जीवनमा रमाइलो गर्नुपर्छ र धन कमाउनुपर्छ भन्ने दृष्टिकोण यसरी राख्दछन् :

'एउटा बाहुन राइटर र अर्को खत्री कप्तान या राणा जर्नेल अर्को नेवार सरदार सबै पुरुष एकै हुन् । उनीहरू यो भट्टीमा पालैसँग आएर मसँग रमाइलो गरेर गएका छन् । साँच्चै क्यै फरक छैन-बैनी, क्यै फरक छैन । (पृ. २२)

कथाकार कोइरालाले यस कथामा मन मिल्छ र मानसिक सन्तुष्टि प्राप्त हुन्छ भने अरु जातपात, धर्म-संस्कृति केही पनि छेकबार बन्न सक्दैन भन्ने वैचारिक मत दिएका छन् । टेनको प्रजातिपरक चिन्तन, तिनका विशिष्टता, धेरै समयपछि एकअर्को प्रजातिमा पर्ने प्रभाव र प्रजातिहरू जति टाढाटाढा पुगे पनि प्रजातिपरक मूल आदर्शको अंश बाँकी रहने मान्यता यस कथामा पनि देखिन्छ । भोटिनीले वेश्यावृत्ति पेसा सहजै अँगाल्नसक्नुमा प्रजातिपरक मूल आदर्शकै अवशेष हो । यसरी प्रस्तुत कथामा राइटरबाजे, भोटिनी र उसका दिदीहरूको भूमिका, पात्रहरूको नामकरण आदि पक्षले प्रजातिगत पहिचान भएको छ ।

## ***प्रजातिगत सम्बन्ध***

राइटरबाजे कथाको प्रजातिगत सम्बन्ध आर्य पुरुष र मंगोल नारीको मानसिक र दैहिक सम्बन्धमा विकसित बनेको छ । भिन्न प्रजातिका पुरुष र नारी बिचको दैहिक रक्तसम्बन्धलाई प्रेमको उच्च दर्जा दिइएको छ । सामाजिक दृष्टिकोणले प्रजातिगत बेमेल

सम्बन्ध स्वीकार्य नहोला तर कथाकारले स्वीकारेका छन् र मौन स्वीकृति पनि दिएका छन् । ॅकथाकी 'म' पात्र भोटिनीले पुरुष र नारीको सम्बन्धलाई यसरी हेरेकी छ :

'अग्निका अगाडिको मन्त्रपाठ या कुनै रुखमुनि भएको माल्यादान-प्रदान, या चूह्लोको तीनवटा पत्थरको पूजा-अर्चना-पुरुष-नारीको आन्तरिक सम्बन्धको प्रकटीकरण होइन र - एक प्रकारको घोषणा ? मुख्य विषय के हो ? पुरुष र नारीको तात्Œवक सम्बन्ध वा त्यसको घोषणा ? प्राण या शरीर ? (पृ. २०)

भोटिनीका बिचारमा हाम्रो विवाह पद्धति पुरुष र नारीको सम्बन्धको घोषणा मात्र हो । यस्तो प्रथाले दैहिक सम्बन्ध विस्तार गर्न सक्छ तर मानसिक सम्बन्ध अधुरै रहने देखिन्छ । भोटिनीले सामाजिक स्वीकृतिको औपचारिकता र वैधानिकताभन्दा माथि उठेर पत्नीको स्थान ग्रहण गरेकी छ । ऊ दैहिक र मानसिक रूपमा राइटरबाजेप्रति समर्पित भएकी छ र यसबाट ऊ  पूर्ण सन्तुष्टिका तहमा पुगेकी छ । सामाजिक मर्यादाका कारणले मनमा अनेकौं द्विविधाका अवस्थाहरू जन्मदा जन्मदै पनि आर्य राइटरबाजेको अनुग्रह र प्रेममा ऊ निर्लिप्त र समर्पित बनेकी छ । उसले पत्नीत्व र मातृत्वको सुखलाई यसरी व्यक्त गरेकी छः

'पत्नीत्व र मातृत्वको सुख-प्रिया र माता हुने भाग्य ! मलाई लाग्यो, म देवीदेवताको समकक्षमा छु । अनन्त छ, मेरो सुख र सन्तोष । ठुलो भाग्य लिएर आएको छु । (पृ. २२)

प्रस्तुत कथामा प्रजातिगत सम्बन्धविस्तारले पत्नीत्व र मातृत्वमात्र होइन पितृत्वको स्थान पनि दिएको छ । राइटरबाजेबाट प्राप्त सबै प्रकारका सुखबाट भोटिनीले आफू देवीदेवताको समकक्षमा पुगेको अनुभव लिएकी छ । त्यस प्रकारको सुख उसलाई सायद राइटरबाजेले मात्र दिन सक्थे । त्यसै भएर होला उसले 'राइटरबाजे ¤ यो मेरो जाबो शरीरलाई अर्पेर पनि तिमीलाई बचाउँछु । (पृ. २४) भनेर राइटरबाजेको उपचार गराएकी छ । यहाँ मन चोखो छ भने शरीर जुठिदैन भन्ने दृष्टिकोण भेटिन्छ :

'मन सिस्सङ्ग भएर शरीरले मात्र गरेको कार्य के त्यस्तो आधार हुन सक्छ, जसमा पाप अड्न सकोस् ¤ मनको निर्मलतामा नुहाएर के शरीरका पापको मोचन हुँदैन ? वेश्याशरीरमा पतिव्रता प्राण जीवितै रहँदैन र ¤ मलाई लाग्थ्यो, वेश्यासज्जामा सुतेको शरीर मेरो होइन, म त्यहाँ हुन्न । (पृ. २४)

भोटिनीका लागि दैहिक र मानसिक सुख फरक फरक हुन् । मानसिक सुखका तुलनामा दैहिक सुख क्षणिक छन् । मनको निर्मलतामा नुहाएको शरीर कहिल्यै बिटुलो हुँदैन । उसले शरीर बेचेर पनि राइटरबाजेको उपचार जति गर्न सकी त्यसमा ऊ निकै सन्तुष्ट भएकी छ । उसले भनेकी छः "'मेरा राइटरबाजे ¤ मेरो सामर्थ्यको चरमसीमासम्म पुगर मैले जति गर्न सक्थें, गरें शरीर दिएर पनि । सानो सन्तोष यसैमा छ ।" (पृ. २५) । यसरी प्रस्तुत कथामा पतिको सेवा र उसको प्राण हितका लागि नारीले हरेक कदम उठाउन सक्छे भन्ने भोटिनीको भिन्न प्रजातीय सम्बन्धका अवस्थाबाट उठेको उच्च मनोभाव निकै सम्मानजनक देखिन्छ ।

## *प्रजातिगत प्रभाव*

कुनै एक प्रजाति अर्को प्रजातिका नजिक आएर एक अर्काप्रति प्रभावित हुनुलाई प्रजातीय प्रभाव मानिन्छ । टेनले एकै प्रजाति पनि देशकालका कारण टाढा-टाढा पुगेपछि त्यहाँको हावा, पानी र माटो अनुसार केही बदलिदै जाने र एक प्रजाति अर्को प्रजातिबाट प्रभावित हुने कुरा औंल्याएका छन् । 'राइटरबाजे कथाका राइटरबाजे र भोटिनीले एक अर्काको प्रजातीय प्रभावलाई स्वीकारेका छन् । हेलम्बुकी भोटेनीलाई काठमाडौंमा माग्दै गरेको अवस्थामा राइटरबाजेले घरमा ल्याएका छन् र बिस्तारै पत्नीत्वको दर्जा दिएका छन् । मंगोल भोटिनी र आर्य ब्राह्मण राइटरबाजेको अथाह प्रेम र दैहिक सम्बन्धलाई कथाले मान्यता दिएको छ । आर्य ब्राह्मणको सङ्गतले उसका चिन्तन र व्यवहारमा पनि परिवर्तन आएका छन् । प्रस्तुत कथामा भोटिनीका 'म एउटी ग्रामीण भोटेनी बालिका, अशिक्षित, केही नजान्ने । मैले स्त्री चोला लिएर जन्में र शरीरधर्मअनुसार हुर्किदै गएँ । (पृ.१९) भनाइबाट उसको अवस्था बोध भएको छ । उसमा आर्य ब्राह्मणको सङ्गत र प्रभावले स्त्रीत्व, पतिधर्म र शरीरधर्म आदिको स्पष्ट ज्ञान पनि भएको देखिन्छ । ऊ प्रजातिका दृष्टिले भोटिनी भनेर चिनिएकी भए पनि राइटरबाजेका प्रभावले व्यवहार र आचारणमा ब्राहृमणी जस्ती बनेकी छ । राइटरबाजे ब्राह्मण भएकाले उनमा ब्राह्मण परिवारको संस्कार देखिन्छ । उनी ईश्वरीय सत्तामा विश्वास राख्छन् र भोटेनीलाई पनि त्यो संस्कार दिन्छन् । राइटरबाजेका प्रभावले भोटिनीले ईश्वर, स्वर्ग र नरकको विश्वास गर्न लागेको कुरा कथामा यसरी देखाइएको छ : "'राइटरबाजेले भन्नुहुन्थ्यो- ईश्वर छन् र भन्नुहुन्थ्यो- पाप-पुण्य पनि छ, किनभने ईश्वर छ (पृ. १७) ।" यस कथनबाट एकातिर राइटरबाजेमा ब्राह्मणहरूले ईश्वरलाई मान्ने वंशानुगत गुण देखिएको छ भने अर्कातिर ब्राह्मणको निकटता र गुणले भोटेनीलाई प्रभाव पारेको यथार्थता पनि प्रस्ट भएको छ । बहिनीले आफ्नो जातिगत विशिष्टता त्यागेर आर्य ब्राह्मणबाट प्रभावित भएर बाहुनको झैं चालचलन र व्यवहार गरेको भोटिनीका दिदीहरूलाई मन परेको छैन । उसकी जेठी दिदीले 'बैनी, तँ कसरी बदलिछस्, के भो तलाई, रक्सी-जाँड नखाने रे, यो जाडोमा पनि ननुहाई नहुने रे तँलाई । हामी भोटेनीलाई आफ्नै व्यवहार छ, हामीले बाहुनी हुन खोजेर हुन्छ र ? (पृ. २१) भनेकी छ । जेठी दिदीका अभिव्यक्तिले आर्यजाति र मङ्गोल जातिका रीतिस्थिति भिन्न हुने यथार्थता देखाएको छ भने भोटिनीमा परेको आर्यजातिको प्रभावलाई पनि अभिव्यञ्जित गरेको छ । माहिली दिदीले पनि बहिनीलाई आफ्नै जातीय स्वभावमा फर्कन उत्प्रेरित गर्दै भनेकी छ :

'मसँगै बस्, बैनी ¤ यो भ§ीमा काम धेरै बढिरहेको छ, ग्राहक पनि थपिदैछन् । हामी दिदी-बैनी मिलेर रोजगार बढाउँला । म एक्ली - यो एक्लो शरीरले भ्याउन नसक्ने भयो । ... .के भएको छ तँलाई ? एउटा बाहुनको तँ के कुरा गर्छेस् । यहाँ मसँग बस् भनेको । त्यस्ता राइटरबाजे कति आउँछन् कति । सधैं साटोफेरो गर्न खोजिस् भने पनि पाउँछस् । (पृ. २१)

भोटिनीकी साहिँली दिदी पनि दरबारिया रहनसहन र सम्पन्नतामा रमाएर बसेकी छ । उसले पनि बहिनीलाई आफूजस्तै हुन प्रेरित गर्छे र भन्छे :

'"यहीँ आइज, तँ पनि दरबार पस् । हेर् .... जाबो एउटा ब्राह्मणको कुरा नगर् । तँ राम्री छस्, यहाँ दरबारमा छिट्टै आफ्नो ठाउँ बनाउन सक्छेस् । म नै यहाँ परेको कति भयो र , रानी भएर बसेकी छु । राजकुमार यहाँ थुप्रा छन्... जाबो बाहुन....के भएको छ तँलाई ?" ( पृ. २१)

भोटिनी जुन दिदीसँग सल्लाह लिन गए पनि सबैले एउटै किसिमको सल्लाह दिएका छन् । आफ्नो जाति धर्मको रीतिस्थिति अनुसार जसरी सुखभोग गर्न सकिन्छ, त्यसरी जीवन जिउनुपर्छ भनेर दिदीहरूले सल्लाह दिएका छन् । भोटिनीका लागि प्रेम मानसिक उच्च आदर्शको समर्पण हो भने दिदीहरूका लागि प्रेम कुनै पनि पुरुषसँगको सुताइ मात्र हो । उसकी माहिली दिदीले 'कस्तो प्रेम भनेको तेरो , दुलाहा खोजेर त्योसँग राति सुत्नु, त्यही त हो नि प्रेम भनेको । अरु के खोज्छेस् त्यसमा ? जुन पुरुष पनि एउटै हो । (पृ. २१) भनेकी पनि छ । दिदीहरूका पुरुष हरेक दिनका लागि हरेक हुनसक्छन् भने आर्य संस्कारबाट प्रभावित बहिनी त्यो जीवनबाट माथि उठेकी छ । बहिनीका सोचाइमा पुरुषको संसर्गमात्र प्रेम होइन उसप्रतिको उच्च समर्पण पनि हो । उसले आर्यपुरुष राइटरबाजेसँग मात्रै अनुबन्धित भएर बाँच्न चाहेकी छ र त्यसैमा जीवनको अन्तिम सुख र ईश्वरीय आनन्द ठानेकी छ । भोटिनीमाथिको दिदीहरूको दवाव जातीय संस्कार बोकेको मानसिकताको दबाब हो । दिदीहरूको सजातीय संस्कारको वकालत गरेका छन् । जेठी दिदी चारवटा पतिकी पत्नी हो भने माहिली दिदी पनि सधैं हाहा र हिहिमा रमाउने स्वभावकी छ । भट्टीपसलमा बसे त्यस्ता राइटरबाजे कति आउँछन् कति भनेर बिना सामाजिक त्रास बहुपति स्वीकार्न सकिने मानसिकता व्यक्त गर्दछे । समालोचक गौतमका अनुसार राइटर बाजे कथामा आर्य र मङ्गोल जातिको सन्दर्भ छ । उनले नेपालको हिमाली शेर्पा जातिविशेषमा प्रचलित बहुपतिप्रथाको सन्दर्भ रहेको उल्लेख गरका छन् । (गौतम, २०७०:३५९) । त्यसो भएर होला भोटेनीका दिदीहरू मङ्गोल जातीय स्वभावमा सजिलै ढल्न सकेका छन् भने भोटिनी ब्राह्मणको सङ्गत अनुसारको संस्कार र जीवनशैलीमा ढल्किएकी छ । उनीहरू चाहन्छन् बहिनी पनि आफू हिँडेकै बाटोमा हिँडोस् र सुखको जिन्दगी बाँचोस् । टेनको मान्यता अनुसार भोटिनीका दिदीहरूमा प्रजातीय मूल आदर्शका चिन्हहरू छन् र समाजमा भट्टीपसल थापेर त्यहाँको हरेक परिस्थितिबाट रमाइलो लिन सकेका छन् । तर भोटिनी आर्य ब्राह्मणको संसर्ग र प्रभावले दिदीहरूभन्दा भिन्न आचरणमा पुगेकी छ र उसमा आत्मसम्मान र गौरवको अनुभूति पनि छ ।

सामाजिक स्थितिअनुसार प्रत्येक प्रजातिहरू एकअर्काबाट प्रभावित हुन्छन् । यस कथामा आर्य ब्राह्मणबाट भोटिनीमात्र होइन कि मंगोल भोटिनीबाट आर्य ब्राह्मण राइटरबाजे पनि प्रभावित बनेका छन् । राइटरबाजेकहाँ आएर बिस्तार-बिस्तार उनको गृहस्थीको एउटा अङ्ग हुन पुगेकी भोटिनीबाट राइटरबाजे कति प्रभावित थिए भन्ने कुरा कथाका निम्न अंशहरूले पुष्टि गर्दछन् ।

'यो एक कचौरा दूध खानैपर्छ, राइटरबाजे ¤ नत्र जीउ कसरी लाग्छ ? उनी केही नबोली मेरो हातबाट कचौरा लिएर दूध पिउँथे । म उभिएर हेरिरहन्थेँ । (पृ. १९)

'राइटरबाजेले पनि ममाथिको आफ्नो निर्भरताको पुरा प्रमाण दिएर एक दिन भने- ल लेऊ, मेरो महिनाकों तलब । र बाकसको साँचो पनि । अब तलब आउने बित्तिकै तिम्रै हातमा राखिदिन्छु । (पृ. १९)

उपर्युक्त अंशबाट के बुझिन्छ भने यहाँ आर्य राइटरबाजे र मंगोल भोटिनी एक अर्काबाट निकै प्रभावित छन् । भोटिनीले राइटरबाजेको मन जितेकी छ । राइटरबाजे निरीह बनेर हो वा भोटिनीबाट औधि प्रभावित भएर हो सबै तालाचाबी सुम्पिएर बसेका छन् र मानसिक, दैहिक र व्यवहारिक सबै पक्षबाट समर्पित छन् । उनको समर्पणमा प्रजातीय प्रभाव देखिन्छ । यसरी प्रस्तुत कथामा कोइरालाले आर्य ब्राह्मण र मंगोल भोटिनी एक अर्काबाट प्रभावित बनेको र त्यस सम्बन्धबाट आर्दश प्रेमको स्वरूप झल्किएको देखाएका छन् । अन्तर्जातीय सम्बन्धप्रति कथाकारले सामाजिक सद्भाव राखेको स्पष्ट हुन्छ ।

## निष्कर्ष

'राइटरबाजे कथा कोइरालाको प्रजातिपरक पहिचान हुने कथा हो । टेनका प्रजातिगत मान्यतामा कसीमा रहेर यस कथाको अध्ययन गर्न सकिन्छ । यस कथामा आर्य ब्राह्मणजाति र मंगोल भोटेजातिको पहिचान भएको छ । कथाकारले राइटरबाजे र भोटिनीका माध्यमबाट प्रजातिको पहिचान मात्र गराएका छैनन् कि सामाजिक दृष्टिकोणबाट बेमेल सम्बन्ध ठानिने राइटरबाजे र भोटिनीको सम्बन्धलाई पत्नीत्व, मातृत्व र पितृत्वको तहसम्म पुऱ्याएका छन् । हाम्रा समाजका औपचारिक वैवाहिक प्रथाहरूले बाहिरी आवरणको मात्र काम कार्य गरेका हुन्छन् । मेल विवाहले विकसित गरेका अवस्थाहरू दैहिक सम्बन्धका आधार मात्र हुन् । बेमेल विवाहले सामाजिक मर्यादा प्राप्त गर्न असहज होला तर मानसिक र दैहिक समर्पणका लागि कुनै बन्देज हुँदैन । यस कथाका मुख्य पात्र राइटरबाजे र भोटिनी एक अर्काबाट प्रभावित भएर मानसिक तथा दैहिक र बिस्तारै सामाजिक सम्बन्ध स्थापित गर्न सक्षम पनि छन् । कथाकारले यस कथामा मुख्य पात्रका माध्यमबाट जातपात, धर्म-संस्कृतिले पुरुष र नारी भिन्न प्रजातिका भए पनि सम्बन्ध विस्तारमा कुनै बाधा नपर्ने देखाएका छन् भने अर्कातिर भोटिनीका दिदीहरूको भूमिकाबाट टेनको प्रजातिगत चिन्तन, तिनका विशिष्टता, धेरै समयपछि एकअर्को प्रजातिमा पर्ने प्रभाव र प्रजातिहरू जति टाढाटाढा पुगे पनि प्रजातिगत मूल आदर्शको अंश बाँकी रहने उल्लेख पनि गरेका छन् । क्षयरोगले ग्रस्त भएको पतिको उपचारका लागि भोटिनीले वेश्यावृत्ति पेसा सहजै अँगाल्नसक्नुमा पनि प्रजातिगत मूल आदर्शकै अवशेष देखिन्छ । प्रजातिगत अध्ययनका दृष्टिले यो कथा विशिष्ट रहेको छ । कथाकार कोइरालाले कथा लेखनको सामग्री आफू बाँचेको समाजको आर्य र भोटे प्रजातिबाट लिएका छन् । यस कथामा प्रजातिगत आत्माको मनोविज्ञान प्रकट भएको छ । कथाकारले आर्य ब्राह्मण र अनार्य भोटिनीबीच बिजातीय दैहिक रक्तसम्बन्ध देखाएर प्रजातिगत सद्भाव राखेको र भिन्न प्रजातिको सम्बन्धप्रति स्वीकृति दिएको स्पष्ट भएको छ ।

**सन्दर्भ सामग्री**


आचार्य, कुमार (२०३७) विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व र उनका कथा एवम् कथाकारिताको विश्लेषण र मूल्याङ्कन (शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

कोइराला, विश्वेश्वरप्रसाद (वि.सं. २०६४) श्वेतभैरवी (पाँचौ. प्र.) ललितपुरः साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (वि.सं. २०७३) 'विश्वेश्वरप्रसाद कोइरालाका आख्यानमा विजातीय रक्तसम्बन्ध, भृकुटी सम्पा. लिखत पाण्डे काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन ।

छेत्री, उदय (वि.सं. २०६४) समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

जैन, निर्मला (सन् १९९२) साहित्यका समाजशास्त्रीय चिन्तन (दो. सं.) दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय, दिल्ली विश्वविद्यालय ।

पाण्डेय, मेनेजर (सन् १९८९) साहित्यको समाजशास्त्रकी भूमिका : चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

सिंह, बच्चन (सन् २००७) साहित्यका समाजशास्त्र, इलाहावादः लोकभारती प्रकाशन ।

सुवेदी, राजेन्द्र (वि.सं. २०६९) 'एलेन स्विङगउडका मान्यता र साहित्यको समाजशास्त्र, प्राज्ञिक संसार; सम्पा. नवराज पौडेल, काठमाडौं : जुगल पब्लिकेसन प्रा. लि. ।

शर्मा, हरिप्रसाद (वि.सं. २०६७) विश्वेश्वरप्रसाद कोइरालाका कथा, (चौथो प्र.) ललितपुर : साझा प्रकाशन ।